कागेश्वरी मनोहरा नगरपालिका

# कागेश्वरी नगर बुलेटिन

मासिक

**Progess Through Unity & Development**

वर्ष : २

२०८३ भदौ

अंक : ७






## पृष्ठ २

सिंहदरबारको अधिकार साँच्चिकै गाउँ-गाउँमा

## पृष्ठ ४

कागेश्वरी मनोहरामा नागरिक सहकार्यको उत्कृष्ट नमुना

## पृष्ठ ८

कागेश्वरी मनोहरा नगरपालिका: सुशासन, सामाजिक विकास

## पृष्ठ १२

कागेश्वरी मनोहरामा महिलाको HPV DNA परीक्षण

## पृष्ठ १३

शिक्षा क्षेत्रमा नयाँ आयाम थप्दै वडाध्यक्ष गजुरेल

## पृष्ठ १७

कागेश्वरी मनोहरालाई आईटी हब बनाउन नगर प्रमुख

## INFRASTRUCTURE REVOLUTION

**Connecting Communities for a Brighter Future**

# कार्यपालिका पदाधिकारीहरू



शान्ता थापा
नगर उपप्रमुख



उपेन्द्र कार्की
नगर प्रमुख



पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत



मुकुन्द गजुरेल
वडा अध्यक्ष, वडा नं. १



सुरज खड्का
वडा अध्यक्ष, वडा नं. २



राममणि पुडासैनी
वडा अध्यक्ष, वडा नं. ३



विजय श्रेष्ठ (धन)
वडा अध्यक्ष, वडा नं. ४



शंकर पाण्डे
वडा अध्यक्ष, वडा नं. ५



प्रकाश फुयाल
वडा अध्यक्ष, वडा नं. ६



स्व. भिमसेन थापा
वडा अध्यक्ष, वडा नं. ७



हरिभक्त पुडासैनी
वडा अध्यक्ष, वडा नं. ८



अनिल थापा
वडा अध्यक्ष, वडा नं. ९



रमा कालिका
कार्यपालिका सदस्य



गोमा रोक्का विशुंखे
कार्यपालिका सदस्य



रूपमती भण्डारी
कार्यपालिका सदस्य



गुणकेशरी श्रेष्ठ
कार्यपालिका सदस्य



सारा पर्कटी



गोपाल दर्जी



अशोककुमार ब्रम्हाशाखा



प्रकाश नेपाली

# कागेश्वरी मनोहरा नगरपालिका
## मासिक नगर बुलेटिन

वर्ष : २ | २०८३ भदौ | अंक : ७


# सम्पादकीय



नगरपालिकाको चालु आर्थिक वर्षमा नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूबाट सम्पादन भएका मुख्य मुख्य गतिविधिहरू समेटी नगर बुलेटिनको सातौं अंक प्रकाशन गरेका छौं । आधुनिक डिजिटल प्रविधिको उपयोग गर्दै नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूबाट सम्पादन हुने गतिविधिसम्बन्धी सूचना वेबपेज, फेसबुक पेज, मिडिया लगायत विभिन्न माध्यमबाट प्रकाशन/प्रशारण गरी नागरिकलाई सूचनाको हकको प्रत्याभूति गराउने तथा शासकीय गतिविधिमा पारदर्शिता कायम गर्ने कार्यमा नगरपालिका निरन्तर क्रियाशील रहँदै आएको छ।

यसै सन्दर्भमा, नगरवासी तथा अन्य सरोकारवालाहरूको हातहातमा नगरपालिकाका गतिविधिहरू समेटिएको मासिक नगर बुलेटिन पुर्‍याउने, नगरका गतिविधिहरूलाई व्यवस्थित रूपमा संग्रह गरी भविष्यसम्मका लागि अभिलेखीकरण गर्दै संस्थागत स्मृति (Institutional Memory) लाई सुदृढ, दीगो र प्रभावकारी बनाउने उद्देश्यले नगर बुलेटिन प्रकाशनको शुरुवात गरिएको हो।

यस अंकमा मुख्यतः कागेश्वरी मनोहरा नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को आय व्ययसम्बन्धी विवरण, चालु आर्थिक वर्ष २०८२/८३ का प्रमुख नीति तथा कार्यक्रम र आय–व्यय अनुमान, विकास कार्यक्रमहरू, शाखाहरूबाट सम्पादन भएका गतिविधिहरू, वडागत कार्य विवरण, साथै समग्र नगरपालिकाको आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास, सेवा प्रवाह र सुशासनका क्षेत्रमा भएका प्रमुख क्रियाकलाप, उपलब्धि, समस्या/चुनौती तथा तस्बिरहरू समावेश गरिएको छ।

नगरपालिकाको यो पहिलो प्रयास भएको हुँदा बुलेटिनका विभिन्न पक्षमा सुधार गर्नुपर्ने विषयहरू हुन सक्छन्। नगर बुलेटिनका आगामी अंकहरू नियमित रूपमा प्रकाशन गरिने भएकाले यस बुलेटिनको अध्ययन गरी विषयवस्तु, ढाँचा तथा प्रस्तुतीकरणका सम्बन्धमा आगामी दिनमा सुधारका लागि यहाँहरूको रचनात्मक सुझाव को अपेक्षा गरेका छौं।


**कागेश्वरी मनोहरा नगरपालिकाबाट प्रकाशित मासिक नगर बुलेटिन**

**संरक्षक**



श्री उपेन्द्र कार्की
नगर प्रमुख



श्री शान्ता थापा
उप प्रमुख



श्री पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**सम्पादक/सामग्री संयोजन**



श्री प्रलिना अधिकारी
मिडिया अधिकृत



**For Inquiry or Further Details**
Email: mediadepartkageshwori@gmail.com

**कागेश्वरी मनोहरा नगरपालिका**
थली, काठमाडौं
बागमती प्रदेश, नेपाल
फोन नं. ०१-४४५१२४२, ४४५०३५६, ४४५०९८६
फ्याक्स: +९७७ १ ४४५०३५६
Email: er.kageshworimun@gmail.com
Website: www.kageshworimanoharamun.gov.np

# सिंहदरबारको अधिकार साँच्चिकै गाउँ-गाउँमाः नगरप्रमुख उपेन्द्र कार्कीको अग्रसरतामा कागेश्वरी मनोहराबाटै मालपोत र नापी सेवा





**कागेश्वरी मनोहरा, काठमाडौं :** नेपालको प्रशासनिक इतिहासमा स्थानीय सरकारलाई अधिकार सम्पन्न र सेवा प्रवाहको वास्तविक केन्द्र बनाउने दिशामा एक महत्त्वपूर्ण कोसेढुङ्गा थपिएको छ। काठमाडौं उपत्यकाभित्र रहेको कागेश्वरी मनोहरा नगरपालिकाले स्थानीय तहको इतिहासमै पहिलोपटक आफ्नै कार्यालय परिसरबाट एकीकृत जग्गा प्रशासन (नापी तथा मालपोत) सम्बन्धी सम्पूर्ण सेवा औपचारिक रूपमा सञ्चालनमा ल्याएको छ। देशभरका ७५३ स्थानीय तहहरूमध्ये आफ्नै जनशक्ति, संरचना र प्रविधिमार्फत एकीकृत रूपमा भूमि प्रशासन सेवा सुरु गर्ने कागेश्वरी मनोहरा देशकै पहिलो पालिका बनेको हो। नेपाल सरकारको सेवा विकेन्द्रीकरण गर्ने नीति तथा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विशेष पहल र समन्वयमा उक्त सेवा सञ्चालनमा ल्याइएको हो। मन्त्रालयका सचिव मदन भुजेलले आयोजित एक विशेष समारोहका बिच सेवाको औपचारिक उद्घाटन गर्दै पहिलो दिनका सेवाग्राहीलाई जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) हस्तान्तरण गरी सेवा हस्तान्तरणको औपचारिक सुरुवात गर्नुभएको थियो।

## सेवाको स्वरूप, दायरा र प्राविधिक व्यवस्थापन

नगरपालिकाले आफ्नो परिसरभित्र स्थापना गरेको 'भूमि व्यवस्थापन शाखा तथा 'भू सेवा केन्द्र मार्फत नागरिकलाई एकद्वार प्रणालीअन्तर्गत छिटो, पारदर्शी र झन्झटरहित सेवा प्रदान गर्न थालेको छ। असार १ गतेदेखि पूर्ण रूपमा सञ्चालनमा आएको यस शाखाबाट हाल देहाय बमोजिमका विस्तृत सेवाहरू उपलब्ध गराइँदै आएको छः

- **नापी तथा प्राविधिक सेवाः** कित्ता नापी नक्सा प्रिन्ट तथा बिक्री, कित्ताकाट, कित्ता एकीकरण, फिल्ड रेखांकन, जग्गा छुट्याउने, सडक सीमा रेखांकन र नक्सा अद्यावधिक गर्ने कार्य।
- **डिजिटल तथा गुठी जग्गासम्बन्धी सेवाः** डिजिटल पुर्जा (जसमा लिङ्क नम्बर PT, PF, PM उल्लेख भएका जग्गाहरू पर्छन्) को कित्ताकाट तथा कित्ता एकीकरणका साथै लामो समयदेखि जटिल मानिएको गुठी जग्गासम्बन्धी प्रशासनिक सेवाहरू।
- **एकीकृत भू-सेवा (मालपोत प्रक्रिया):** सेवाग्राहीका लागि आवश्यक लिखत (विवरण) तयार पार्ने, राजस्व तथा लाभकरको सरकारी हिसाब-किताब मिलाउने, कागजात रुजु गर्ने र फाइल दर्ता गरी अन्तिम निर्णयसम्म पुर्‍याउने सम्पूर्ण कार्य।

नापी शाखाका प्रमुख अशोक कुमार सिंहका अनुसार, देशका अन्य स्थानमा प्राविधिक कारणले सेवा प्रभावित हुने गरे तापनि कागेश्वरी मनोहरामा विशेष समय तालिका मिलाएर सेवा निरन्तर राखिएको छ। शाखाले बिहान ८:०० देखि १०:०० बजेसम्म र बेलुकी ४:०० देखि ५:०० बजेसम्म फिल्ड भेरिफिकेसन (स्थलगत जाँच) को काम गर्ने र दिउँसोको मुख्य कार्यालय समयमा नापी तथा मालपोतका अन्य प्राविधिक कार्यहरू सम्पादन गर्ने गरी चुस्त व्यवस्थापन मिलाएको छ।

उद्घाटन समारोहमा बोल्दै मन्त्रालयका सचिव मदन भुजेलले सर्वसाधारण नागरिकले आफ्नै घरदैलो नजिकबाट छिटो, छरितो र भरपर्दो सेवा प्राप्त गर्न सकून् भन्ने सरकारको मुख्य ध्येय रहेको बताउनुभयो। उहाँले पालिकाले सुरु गरेको यो कार्य अत्यन्तै सकारात्मक रहेको उल्लेख गर्दै यसको निरन्तरता, गुणस्तर र सुधारमा कुनै सम्झौता हुन नहुनेमा जोड दिनुभयो।

मन्त्रालयका अनुसार स्थानीय तहमा नापी तथा मालपोत सेवा हस्तान्तरण गर्ने योजनाअन्तर्गत यसअघि आह्वान गरिएको सूचनामा देशभरका २०७ वटा स्थानीय तहहरूले यो सेवा आफैं सञ्चालन गर्न इच्छुक रहेको जानकारी गराएका थिए। कागेश्वरी मनोहरा नगरपालिकाको यो सफल अभ्यासलाई नमुना (Model) का रूपमा लिँदै मन्त्रालयले आवश्यक प्राविधिक पूर्वाधार, डिजिटल सफ्टवेयर integration, जनशक्ति व्यवस्थापन र तालिमको व्यवस्था गरी क्रमशः अन्य इच्छुक पालिकाहरूमा पनि यो सेवा विस्तार गर्दै लैजाने रणनीति बनाएको छ।

नगरप्रमुख उपेन्द्र कार्कीको विशेष दूरदृष्टि, निरन्तरको पहलकदमी र सम्पूर्ण नगर टिमको समन्वयका कारण यो सम्भव भएको पालिकाले जनाएको छ। यसअघि कागेश्वरी मनोहराका बासिन्दाले जग्गाको सामान्य कित्ताकाट, नक्सा प्रिन्ट वा पुर्जा सम्बन्धी कामका लागि पनि घण्टौं समय खर्चिएर चाबहिल वा साँखुस्थित मालपोत र नापी कार्यालयहरूमा धाउनुपर्ने, लाइन बस्नुपर्ने र प्रशासनिक ढिलासुस्ती खेप्नुपर्ने बाध्यता थियो।

नगरपालिकामै भू-सेवा केन्द्र र मालपोत/नापी शाखा सञ्चालनमा आएपछि बिचौलियाको प्रभाव शून्यमा झरेको र एकै ठाउँबाट पारदर्शी रूपमा काम हुन थालेको भन्दै स्थानीय सेवाग्राहीहरूले यस कदमको खुलेर प्रशंसा गरेका छन्। कर्मचारीहरूको शालीन व्यवहार र चुस्त प्रविधिका कारण समय र खर्च दुवैको बचत भएको अनुभव सेवाग्राहीहरूले सुनाएका छन्।

स्थानीय सरकारलाई केवल सिफारिस गर्ने निकायमा मात्र सीमित नराखी प्रत्यक्ष जनसरोकारका ठूला प्रशासनिक अधिकार प्रयोग गर्ने थलोका रूपमा स्थापित गर्न कागेश्वरी मनोहरा नगरपालिकाले गरेको यो सुरुवात भूमि प्रशासन सुधारको क्षेत्रमा एक क्रान्तिकारी कदमका रूपमा दर्ता भएको छ।

# कागेश्वरी मनोहरामा नागरिक सहकार्यको उत्कृष्ट नमुनाः श्रमदानले फेरियो काँडाघारी प्रहरी प्रभागको मुहार




कागेश्वरी मनोहरा, काठमाडौं : नागरिक र जनप्रतिनिधिको एकीकृत प्रयास तथा सहकार्यबाट असम्भव देखिने काम पनि कसरी सम्भव हुन्छ भन्ने उत्कृष्ट उदाहरण कागेश्वरी मनोहरा नगरपालिकामा देखिएको छ। स्थानीय नागरिकको उत्साहजनक श्रमदान, विभिन्न संघ-संस्थाको सहयोग र कागेश्वरी मनोहरा नगरपालिकाको विशेष नेतृत्व तथा पहलमा पुनर्निर्माण गरिएको काँडाघारी प्रहरी प्रभागको नयाँ भवनको भव्य उद्घाटन गरिएको छ।

एक विशेष समारोहका बिच नेपाल प्रहरीका प्रहरी महानिरीक्षक (आईजीपी) दानबहादुर कार्की, कागेश्वरी मनोहरा नगरपालिकाका आदरणीय नगर प्रमुख उपेन्द्र कार्की र उपप्रमुख शान्ता थापाले संयुक्त रूपमा ताम्रपत्र अनावरण गर्दै नयाँ भवनको औपचारिक उद्घाटन गर्नुभएको हो।

**विकास र सुरक्षामा नगरपालिकाको उदाहरणीय पहल**

नगरवासीको सुरक्षा र शान्ति-सुव्यवस्थाप्रति अत्यन्त संवेदनशील रहँदै आउनुभएका आदरणीय नगर प्रमुख उपेन्द्र कार्कीज्यूले सार्वजनिक सम्पत्ति र सुरक्षा निकायका संरचनाको संरक्षणमा जोड दिनुभएको छ।

कार्यक्रममा आफ्नो वक्तव्य राख्दै नगर प्रमुख कार्कीज्यूले भन्नुभयो:

*"नागरिकको श्रमदान र पसिनाबाट निर्माण भएका सुरक्षा निकायका संरचनाहरू हाम्रै सेवाका लागि हुन्। त्यसैले कुनै पनि बहानामा प्रहरी भवन जस्ता संवेदनशील संरचनालाई आक्रमण वा क्षतिको निसाना बनाइनु हुँदैन। नगरवासीको सुरक्षामा अहोरात्र खटिने प्रहरीका लागि सर्वसुविधायुक्त भवन आवश्यक भएकैले नगरपालिकाको पहल र स्थानीयको श्रमदानमा यो पुनर्निर्माण सम्भव भएको हो।"*




नगरलाई प्रविधिमैत्री र सुरक्षित बनाउनका लागि नगर प्रमुख उपेन्द्र कार्कीज्यू र उपप्रमुख शान्ता थापाज्यूको नेतृत्वमा नगरपालिकाले ऐतिहासिक कदम चालेको छ। नगर प्रमुख कार्कीज्यूले कागेश्वरी मनोहरा नगरपालिकाका वडा नं. १ देखि ९ सम्म एआई (AI) प्रविधियुक्त उच्चस्तरीय सीसीटीभी (CCTV) क्यामेरा जडान गर्न १२ करोड रुपैयाँ विनियोजन भइसकेको महत्त्वपूर्ण जानकारी दिनुभयो।

यस प्रविधिले नगरभित्र हुने चोरी, डकैती तथा आपराधिक गतिविधिको २४ सै घण्टा निगरानी गर्नेछ भने प्रहरी कन्ट्रोल रूमबाटै प्रत्यक्ष अनुगमन गर्न सकिने व्यवस्था मिलाइनेछ। नगरलाई अपराधमुक्त र सुरक्षित बनाउने नगर नेतृत्वको यो दूरदर्शी योजनाको स्थानीयवासीले भव्य प्रशंसा गरेका छन्।

**आईजीपी र उपप्रमुखको ऐक्यबद्धता, दाताहरूलाई सम्मान**



कार्यक्रममा बोल्दै आईजीपी दानबहादुर कार्कीज्यूले स्थानीय सरकार र नागरिकसँगको सहकार्यको यो मोडल देशभरकै लागि प्रेरणादायी भएको बताउनुभयो। नगरपालिकाको नेतृत्वदायी भूमिका र स्थानीयको योगदानले काँडाघारी क्षेत्रको शान्ति सुरक्षा व्यवस्था थप सुदृढ हुने विश्वास उहाँले व्यक्त गर्नुभयो।

भवन निर्माणमा अतुलनीय योगदान पुर्‍याउने सम्पूर्ण दाता, सामाजिक अभियन्ता तथा संघ-संस्थाका प्रतिनिधिहरूलाई आईजीपी कार्कीज्यू, नगर प्रमुख उपेन्द्र कार्कीज्यू र उपप्रमुख शान्ता थापाज्यूको उपस्थितिमा सम्मानपत्र प्रदान गरिएको थियो।



विगतको क्षतिलाई बिर्सेर 'प्रहरी प्रभाग काँडाघारी पुनर्निर्माण समिति'को संयोजन र नगरको अभिभावकीय भूमिकामा कुल ७६ लाख ५ हजार ६७५ रुपैयाँ (नगद रु. १८,३३,६९८ र जिन्सी/निर्माण सामग्री रु. ५७,७१,९७७) को लागतमा यो भव्य भवन उभिएको हो।

समारोहमा उपप्रमुख शान्ता थापा, वडा नं. ७, ८ र ९ का वडाध्यक्षहरू, सुरक्षा निकायका उच्च अधिकारीहरू र ठूलो संख्यामा स्थानीय नागरिकहरूको उत्साहजनक उपस्थिति रहेको थियो। नगरपालिकाको यो दूरदर्शी कदम र जनसहभागिताको ऐक्यबद्धताले कागेश्वरी मनोहरालाई एउटा सुरक्षित, आधुनिक र सभ्य नगरका रूपमा स्थापित गरेको छ।

# कागेश्वरी मनोहरा नगरपालिकाको फड्कोः स्थानीय स्तरमै न्याय र मेलमिलाप, ५०.७७ प्रतिशत मुद्दा फछ्र्यौंट













**कागेश्वरी मनोहरा, काठमाडौं :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको संवैधानिक व्यवस्थाबमोजिम कागेश्वरी मनोहरा नगरपालिकाको न्यायिक समितिले स्थानीय तहमा हुने विवादहरूको सर्वसुलभ, छिटो र मेलमिलापयुक्त समाधानमा महत्वपूर्ण सफलता हासिल गरेको छ।

आर्थिक वर्ष २०८२/०८३ मा समितिले आफ्नो कार्यभारमा रहेका कुल ६५ वटा मुद्दा मध्ये ३३ वटा (५०.७७%) मुद्दा सफलतापूर्वक फछ्र्यौंट गरेको छ।

## मुद्दा फछ्र्यौंट तथा व्यवस्थापनको अवस्था

अघिल्लो आर्थिक वर्ष (२०८१/०८२) बाट जिम्मेवारी सरी आएका २२ र यसै आर्थिक वर्षमा नयाँ दर्ता भएका ४३ गरी कुल ६५ मुद्दा समितिमा रहेका थिए।

| क्र.सं. | विवरण | मुद्दा संख्या |
|---|---|---|
| १. | अघिल्लो आ.व. २०८१/०८२ बाट सरेको मुद्दा | २२ |
| २. | आ.व. २०८२/०८३ मा नयाँ दर्ता भएको मुद्दा | ४३ |
| - | कुल कार्यभार (मुद्दा संख्या) | ६५ |
| ३. | फछ्यौंट भएका मुद्दा संख्या | ३३ (५०.७७%) |
| ४. | विचाराधीन मुद्दा संख्या | ३२ |

**विचाराधीन मुद्दाबारे स्पष्टीकरणः** वर्षको अन्त्यतिर दर्ता भएका तथा मेलमिलापको प्रक्रियामा रहेका ३२ वटा मुद्दाहरू हाल विचाराधीन अवस्थामा रहेका छन्। ती मुद्दाहरूमा पनि नियमित सुनुवाइ भइरहेको समितिले जनाएको छ।

**आर्थिक वर्षका प्रमुख उपलब्धिहरू**

- **नियमित सुनुवाइ र इजलासः** कुल ६५ मुद्दाको अध्ययन तथा व्यवस्थापनका लागि ४८ वटा नियमित इजलास/सुनुवाइ सम्पन्न गरिएको छ।
- **मेलमिलापलाई प्राथमिकताः** आपसी सद्भाव कायम राख्दै ४ वटा विवाद मेलमिलाप मार्फत पूर्ण रूपमा निरूपण गरिएका छन्।
- **अदालत प्रेषणः** कानुनी जटिलता र क्षेत्राधिकार बाहिरका ६ वटा मुद्दा काठमाडौं जिल्ला अदालतमा तारिख तोकी पठाइएको छ।
- **सचेतना तथा जागरण अभियानः**
  - नगरपालिकाका ९ वटै वडाका मेलमिलाप केन्द्रहरूको स्थलगत अनुगमन र सहजीकरण।
  - सूचीकृत महिला समूह तथा वडा सचिवहरूका लागि कानुनी सचेतना कार्यक्रम।
  - नगरभित्रका सामुदायिक विद्यालयका कक्षा १० मा अध्ययनरत ७६५ जना विद्यार्थीहरूलाई साइबर अपराध, लागूऔषध दुर्व्यसनी र न्यायिक अधिकार सम्बन्धी अभिमुखीकरण।

**भावी योजना तथा प्रतिबद्धता**

न्यायिक समितिले आगामी दिनहरूमा सानातिना विवाद वडामै समाधान गर्न वडास्तरीय मेलमिलाप केन्द्रहरूलाई थप सुदृढ र स्रोतसाधन सम्पन्न बनाउने रणनीति लिएको छ। साथै, विद्यार्थी तथा महिला समूहहरू लक्षित कानुनी सचेतना कार्यक्रमलाई अझ व्यापक बनाइने प्रतिबद्धता व्यक्त गरिएको छ।

"विवादले दूरी बढाउँछ, मेलमिलापले मन जोड्छ। विवाद गरौं अन्त्य, मेलमिलापबाटै बनौं सभ्य।"

**- न्यायिक समिति, कागेश्वरी मनोहरा नगरपालिका**

# कागेश्वरी मनोहरा नगरपालिकाः सुशासन, सामाजिक विकास र जनसेवामा फड्को



**कागेश्वरी मनोहरा, काठमाडौं :** कागेश्वरी मनोहरा नगरपालिकाले जनमुखी सेवा प्रवाह, पूर्वाधार अनुगमन, स्वास्थ्य सुधार, कानुनी साक्षरता र अन्तर-पालिका सहकार्यलाई तीव्र रूपमा अगाडि बढाएको छ। नगर उपप्रमुख शान्ता थापाज्यू को नेतृत्व तथा सक्रियतामा नगरपालिकाले बाल सहभागिता, महिला सशक्तीकरण, खेलकुद तथा स्वास्थ्यका क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल गर्दै आएको छ।

## १. विद्यार्थीहरूसँग नगर सभा तथा न्यायिक अभ्यास अन्तरक्रिया

स्थानीय सरकारको कार्यप्रणालीबारे युवा पुस्तालाई व्यावहारिक ज्ञान दिने उद्देश्यले अक्षरा स्कूलका विद्यार्थीहरूसँग शैक्षिक अवलोकन भ्रमण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।




कार्यक्रममा नगर उपप्रमुख शान्ता थापाले निर्वाचित जनप्रतिनिधिहरू जनताको सेवक भएको उल्लेख गर्दै नागरिकका गुनासोहरू फोन, इमेल, पत्र वा प्रत्यक्ष भेटघाटमार्फत सहजै दर्ता गर्न सकिने व्यवस्था रहेको जानकारी गराउनुभयो। सो अवसरमाः



- **न्यायिक अभ्यासः** न्यायिक सहजकर्ता मनिता मिजारले स्थानीय स्तरमा विवाद समाधान प्रक्रिया र न्यायिक समितिको अधिकारबारे प्रकाश पार्नुभयो।
- **प्रशासनिक संरचनाः** प्रशासन शाखा प्रमुख माधव खतिवडाले सेवा प्रवाहको अवस्था स्पष्ट पार्नुभयो।
- **नीति निर्माणः** प्रमुख प्रशासकीय अधिकृतले नगर सभा, बजेट तर्जुमा र नमुना नगर सभा सञ्चालनबारे जानकारी दिनुभयो।

करिब १ लाख ३५ हजार जनसङ्ख्या रहेको यस नगरमा बाल क्लब गठनमार्फत योजना निर्माणमा बाल सहभागिता सुनिश्चित गरिएको छ।



### २. स्वास्थ्य क्षेत्रमा उल्लेख्य फड्कोः पूर्ण खोप पालिका र निःशुल्क स्वास्थ्य सेवा

स्वास्थ्य सेवालाई नगरवासीको पहुँचमा पुर्‍याउन नगरपालिकाले विशेष अभियान सञ्चालन गर्दै आएको छः

- **पूर्ण खोप सुनिश्चितता पालिका घोषणाः** नगरका ९ वटै वडाका तोकिएको उमेर समूहका सबै बालबालिकालाई खोप प्रदान गरिसकेपछि कागेश्वरी मनोहरालाई औपचारिक रूपमा 'पूर्ण खोप सुनिश्चितता पालिका घोषणा गरिएको छ।




- **"उपप्रमुखसँग गर्भवती महिलादेखि नवजात शिशुसम्म":** यस कार्यक्रम अन्तर्गत नगरका विभिन्न वडाहरू (भद्रावास, गोठाटार, तेजविनायक सहरी स्वास्थ्य केन्द्र) मा महिनाको तोकिएको दिन निःशुल्क अल्ट्रासाउन्ड (भिडियो एक्सरे) तथा परामर्श सेवा निरन्तर सञ्चालन भइरहेको छ। साथै, सुत्केरी महिलाहरूलाई घरमै पुगेर "न्यानो झोला" वितरण गर्ने कार्य जारी छ।



- **उपप्रमुख प्रजनन स्वास्थ्य शिविरः** नगर अस्पताल मूलपानी तथा सबै वडाहरूमा सञ्चालित शिविरमार्फत ३,६०० भन्दा बढी महिलाहरूको

पाठेघरको क्यान्सर (HPV DNA/VIA), स्तन क्यान्सर, सुगर तथा रक्तचापको निःशुल्क परीक्षण गरी प्रारम्भिक अवस्थामै रोग पहिचान र उपचारको व्यवस्था मिलाइएको छ।








## ३. कानुनी साक्षरता र युवा सचेतना अभियान

न्यायिक समितिको आयोजनामा नगरका ९ वटै वडाका सम्पूर्ण सामुदायिक विद्यालयका कक्षा १० मा अध्ययनरत करिब १,००० जना विद्यार्थीहरूलाई १ दिने कानुनी प्रशिक्षण प्रदान गरिएको छ।




गान्धी आदर्श, आनन्द भैरव, बाल विकास, सिद्धि गणेश, नेपाल राष्ट्र निर्माण, र आदर्श मावि लगायतका विद्यालयमा सञ्चालित अभियानमा कानुनी सल्लाहकार अष्टलाल श्रेष्ठ तथा प्रहरी प्रशासनका प्रतिनिधिहरूले न्यायिक समितिको क्षेत्राधिकार, साइबर अपराध तथा लागुऔषध नियन्त्रण सम्बन्धी व्यावहारिक प्रशिक्षण दिनुभएको थियो।

## ४. खेलकुदमा अन्तर्राष्ट्रिय सफलता र सम्मान

कागेश्वरी मनोहरालाई 'खेल नगरीका रूपमा विकास गर्ने लक्ष्य अनुसार नगरका खेलाडीहरूले अन्तर्राष्ट्रिय मञ्चमा सफलता हासिल गरेका छन्।



थाइल्यान्डमा सम्पन्न 'The 9th Heroes Taekwondo International Championship' मा स्वर्ण पदक विजेता मिनिल्याण्ड बोर्डिङ स्कुलका छात्र सम्पन्न पौडेल र ७०-८० केजी तौल समूहका स्वर्ण विजेता तथा थनी तेक्वान्दो डोजाङका प्रमुख गुरु युमा शंकर

लामालाई नगरपालिका कार्यालयमा भव्य स्वागत तथा बधाई ज्ञापन गरियो। नगर उपप्रमुख थापाले खेलाडीहरूको यस ऐतिहासिक सफलताले सिङ्गो नगरलाई गौरवान्वित बनाएको बताउनुभयो।

## ५. पूर्वाधार अनुगमन, सुशासन र उद्यमशीलता



- **गुणस्तरीय विकास निर्माणः** उपप्रमुखको संयोजकत्वमा गठित योजना अनुगमन समिति र प्राविधिक टोलीले नगरका विभिन्न वडाहरूमा सञ्चालित विकास निर्माणका आयोजनाहरूको स्थलगत अनुगमन गरी कामलाई गुणस्तरीय, पारदर्शी र समयमै सम्पन्न गर्न कडा निर्देशन दिएको छ।
- **उद्यमशीलता र श्रमिक अधिकारः** तरङ्गिनी फाउण्डेसनसँगको सहकार्यमा घरेलु तथा अनौपचारिक क्षेत्रका श्रमिकहरूका लागि 'श्रमिक कार्ड' वितरण र 'श्रम डेस्क' सञ्चालनको तयारी अन्तिम चरणमा पुगेको छ। साथै, महिलाहरूलाई सीपयुक्त बनाउन १ महिने बुनाइ तालिम लगायतका कार्यक्रम सम्पन्न भएका छन्।
- **समानता र मानव अधिकारः** नगरलाई 'Human Rights City' को रूपमा विकास गर्न पहल सुरु गरिएको छ भने 'Campaign for Change' सँगको सहकार्यमा अन्तरलिङ्गी (Intersex) व्यक्तिहरूबारे समाजमा व्याप्त भ्रम चिर्न र सचेतना फैलाउन विशेष अन्तरक्रिया आयोजना गरिएको छ।
- **अन्तर-पालिका तथा संस्थागत सहकार्यः** अनुभव आदानप्रदानका लागि सुनापति गाउँपालिका, बुढानीलकण्ठ नगरपालिका र हेटौंडा उपमहानगरपालिकाका प्रतिनिधि टोलीसँग अन्तरक्रिया गरिनुका साथै काठमाडौं स्कुल अफ ल (KSL) का विद्यार्थीहरूलाई नगरको प्रशासनिक तथा न्यायिक अध्ययन भ्रमण गराइएको छ।





कागेश्वरी मनोहरा नगरपालिकाले सेवा प्रवाहलाई पारदर्शी र नागरिकमैत्री बनाउँदै स्वास्थ्य, शिक्षा, पूर्वाधार विकास र सामाजिक न्यायको क्षेत्रमा अनुकरणीय काम गरिरहेको छ। जनप्रतिनिधि र कर्मचारीको संयुक्त प्रयासबाट नगरलाई सबल, सक्षम र समृद्ध बनाउने यात्रा निरन्तर जारी छ।

# कागेश्वरी मनोहरामा महिलाको HPV DNA परीक्षण, १४२ जनामा संक्रमण पुष्टि





**कागेश्वरी मनोहरा, काठमाडौं :** कागेश्वरी मनोहरा नगरपालिकाले महिलाको प्रजनन स्वास्थ्यलाई प्राथमिकतामा राख्दै सञ्चालन गरेको HPV DNA (ह्युमन प्यापिलोमा भाइरस) स्क्रिनिङ अभियानअन्तर्गत ३ हजार ६ सय ४५ जना महिलाको परीक्षण गरिएको छ।

नगरपालिकाको स्वास्थ्य शाखाले 'उपप्रमुख प्रजनन स्वास्थ्य कार्यक्रम' अन्तर्गत गत जेठ १३ गतेदेखि सञ्चालन गरेको उक्त अभियानमा नगरका ९ वटै वडाका महिलाहरूको HPV DNA परीक्षण गरिएको हो। अभियानका क्रममा महिलाको स्वास्थ्य परीक्षण, स्तन जाँच, रक्तचाप (ब्लड प्रेसर) मापन तथा आवश्यक स्वास्थ्य परामर्श सेवा समेत प्रदान गरिएको स्वास्थ्य शाखाले जनाएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाको सहयोगमा संकलित नमुनाहरूको परीक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुमा भइरहेको छ। प्रजनन स्वास्थ्य फोकल पर्सन लक्ष्मी कोइरालाका अनुसार हालसम्म १ हजार ३ सय ८९ जनाको प्रयोगशाला रिपोर्ट प्राप्त भइसकेको छ।

प्राप्त रिपोर्टअनुसार १४२ जनामा HPV संक्रमण (पोजेटिभ) पुष्टि भएको छ। जसमध्ये:

- टाइप १६ र १८ : २२ जना
- अन्य प्रकृतिको HPV : १२० जना

संक्रमण पुष्टि भएका महिलाहरूलाई नगर अस्पतालमार्फत थप परीक्षण, परामर्श तथा आवश्यक उपचार प्रक्रिया अगाडि बढाइएको नगरपालिकाले जनाएको छ। बाँकी नमुनाहरूको परीक्षण तथा रिपोर्ट आउने क्रम जारी छ।

**थप परीक्षण र उपचार प्रक्रिया:** HPV संक्रमण पुष्टि भएका महिलाहरूमा आवश्यकताअनुसार VIA (Visual Inspection with Acetic Acid) परीक्षण पनि गरिन्छ। VIA पोजेटिभ देखिनुले पाठेघरको मुखमा असामान्य वा शंकास्पद कोषहरूको संकेत गर्न सक्ने भएकाले समयमै थप परीक्षण तथा उपचार आवश्यक पर्ने चिकित्सकहरू बताउँछन्।

नगरपालिकाका अनुसार HPV संक्रमणको समयमै पहिचान र उपचारले पाठेघरको मुखको क्यान्सरको जोखिमलाई उल्लेखनीय रूपमा कम गर्न मद्दत पुग्ने विश्वास लिइएको छ।

# शिक्षा क्षेत्रमा नयाँ आयाम थप्दै
# वडाध्यक्ष गजुरेलः 'शिक्षकको सम्मान नै समृद्ध समाजको जग'













**कागेश्वरी मनोहरा, काठमाडौं** : कागेश्वरी मनोहरा नगरपालिका वडा नं. १ का वडाध्यक्ष मुकुन्दप्रसाद गजुरेलले आफ्नो वडामा शैक्षिक सुधार र शिक्षकको सम्मानलाई प्राथमिकतामा राख्दै अनुकरणीय पहलकदमी लिनुभएको छ। गुरुपूर्णिमाको पावन अवसरमा वडा कार्यालयद्वारा आयोजित भव्य 'शिक्षक सम्मान कार्यक्रममा बोल्दै वडाध्यक्ष गजुरेलले शिक्षण पेसालाई सामान्य रोजगारीको घेराबाट माथि उठाएर **"राष्ट्र निर्माण र समाज परिवर्तनको प्रमुख मेरुदण्ड"** को रूपमा परिभाषित गर्नुभयो।

वडाध्यक्ष गजुरेलको यो कदमले स्थानीय तहमा जनप्रतिनिधिले शिक्षा र शिक्षकहरूलाई दिनुपर्ने उच्च प्राथमिकताको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ।



*"शिक्षक केवल पेसाकर्मी होइनन्, समाज परिवर्तनका संवाहक हुन्"* वडाध्यक्ष गजुरेल

कार्यक्रममा वडाभित्रका निजी तथा सामुदायिक विद्यालयका करिब २०० जना प्रधानाध्यापक, शिक्षक-शिक्षिका र कर्मचारीहरूलाई स्वयं उपस्थित भई सम्मानपत्र प्रदान गर्दै वडाध्यक्ष गजुरेलले शिक्षकहरूको योगदानको मुक्तकण्ठले प्रशंसा गर्नुभयो।

*"सभ्य, अनुशासित र आदर्श नागरिक निर्माण गर्ने देखि देशका लागि आवश्यक डाक्टर, इन्जिनियर, वैज्ञानिक र दक्ष जनशक्ति तयार पार्ने पहिलो पाठशाला विद्यालय हो र त्यसका वास्तविक शिल्पकार शिक्षकहरू हुन्। शिक्षक सामान्य पेसाकर्मी मात्र होइनन्, उहाँहरू त देशको भविष्य कोर्ने राष्ट्रनिर्माता हुन्।"*

उहाँले थप्दै भन्नुभयो कि स्थानीय सरकार र शिक्षक दुवैको अन्तिम लक्ष्य भनेको 'सेवा' नै हो। त्यसैले दुवै पक्षमा उच्च सेवाभाव र समर्पण हुनुपर्नेमा उहाँले जोड दिनुभयो। शिक्षकहरूलाई सधैं अध्ययनशील बन्न र विद्यार्थीमा नवीन ज्ञान र प्रेरणा भर्ने ऊर्जावान् गुरु बन्न पनि उहाँले प्रोत्साहन गर्नुभयो।

वडाध्यक्ष गजुरेलको नेतृत्वमा निजी र सामुदायिक विद्यालयका शिक्षकहरूलाई बिना भेदभाव एउटै थलोमा ल्याएर गरिएको यो उच्च तहको सम्मानले स्थानीय शिक्षक वृत्तमा नयाँ उत्साह र ऊर्जा थपेको छ।

- **शैक्षिक वातावरणमा सुधारः** जनप्रतिनिधि स्वयं शिक्षकको सम्मानमा अहोरात्र खटिएपछि वडाभित्र गुणस्तरीय र प्रतिस्पर्धात्मक शैक्षिक वातावरण बनाउन ठूलो बल पुगेको सहभागीहरूले बताए।
- **शिक्षकहरूको मनोबल वृद्धिः** ट्रयाङ्गल शान्ति पाठशालाका प्रतिनिधि एवं अन्य शिक्षक प्रतिनिधिहरूले वडाध्यक्ष गजुरेलको यो दूरदर्शी र सम्मानजनक कदमको मुक्तकण्ठले प्रशंसा गर्दै यसले शिक्षकहरूको आत्मसम्मान र मनोबल निकै माथि उठाएको धारणा व्यक्त गरे।




वडाध्यक्ष मुकुन्दप्रसाद गजुरेलले वडा नं. १ लाई कागेश्वरी मनोहरा नगरपालिकाकै एक नमूना र उत्कृष्ट शैक्षिक गन्तव्य (Educational Hub) को रूपमा विकसित गर्ने दीर्घकालीन सोच राख्नुभएको छ।

वडा सदस्यहरू, समाजसेवी, बुद्धिजीवी तथा स्थानीयवासीहरूको ठूलो उपस्थिति रहेको सो कार्यक्रममा आगामी दिनमा पनि शिक्षाको स्तर वृद्धि गर्न, कमजोर विद्यार्थीहरूलाई विशेष सहयोग पुर्‍याउन र विद्यालयहरूको भौतिक एवं शैक्षिक विकासमा वडा सरकार निरन्तर साथमा रहने प्रतिबद्धता जनाइएको थियो।

# नगरपालिकाद्वारा बजार अनुगमन तीव्रः एग्रोभेट, खाद्य स्टोर र फुड उद्योगमा कडा कारबाही र निर्देशन





**कागेश्वरी मनोहरा, काठमाडौं :** नगरपालिकाले पछिल्लो समय आफ्नो क्षेत्रभित्र अस्वस्थकर व्यापारिक गतिविधि, अवैध बिक्री वितरण र वातावरणीय प्रदूषण नियन्त्रण गर्न बजार अनुगमनलाई तीव्र बनाएको छ। नियमित कार्यतालिकाका साथै प्राप्त जनगुनासोका आधारमा गरिएको पछिल्लो आकस्मिक अनुगमनका क्रममा स्थानीय एग्रोभेट, खाद्य स्टोर र फुड प्रोडक्सन कम्पनीहरूमा गम्भीर लापरवाही भेटिएपछि अनुगमन टोलीले कडा कारबाही, सामान जफत एवम् कडा निर्देशन जारी गरेको छ।

नगरपालिकाको अनुगमन टोलीले स्थानीय एग्रोभेट तथा भेटेरीनरी पसलहरूको निरीक्षण गर्दा कानूनी मापदण्डको ठाडो उल्लङ्घन भएको फेला पारेको छ। औषधी व्यवस्था विभागमा दर्ता नै नगरी एन्टिबायोटिक जस्ता संवेदनशील र जोखिमयुक्त औषधिहरू बिक्री-वितरण भइरहेको पाइएकाले टोलीले सञ्चालकहरूलाई सम्बन्धित निकायमा दर्ता नगरी यस्ता औषधि नबेच्न कडा चेतावनी दिएको छ।

यसैगरी, अनुगमनका क्रममा कतिपय पसलमा म्याद गुज्रेका अखाद्य तथा अस्वस्थकर औषधिहरूसमेत बिक्रीका लागि राखिएको फेला परेको थियो। टोलीले ती सम्पूर्ण म्याद नाघेका औषधिहरू तत्काल स्थलगत रूपमै नष्ट गरेको छ। आगामी दिनमा पुनः म्याद गुज्रेका औषधि बिक्री गरेको पाइएमा पसल बन्द गर्नेसम्मको कडा कानुनी कारबाही गरिने लिखित निर्देशन दिइएको छ।





## २. खाद्य तथा किराना स्टोरमा मदिरा बिक्रीमा पूर्ण रोक

विशेष जनगुनासो र सूचनाका आधारमा अनुगमन टोलीले नगरपालिकाभित्र सञ्चालित विभिन्न खाद्य स्टोरहरूमा समेत छापा मारेको थियो। खाद्य तथा किराना सामग्री बिक्री गर्ने स्थलबाटै अनधिकृत रूपमा मदिरासमेत बिक्री वितरण भइरहेको भेटिएपछि टोलीले एकै ठाउँबाट दुवै वस्तु बिक्री गर्न पूर्ण रूपमा रोक लगाएको छ।

मदिरा बिक्री-वितरण गर्ने नै भए प्रचलित कानुन अनुसार छुट्टै 'लिक्वर सप÷ दर्ता गरेर मात्र सञ्चालन गर्न अनुगमन टोलीले व्यवसायीहरूलाई कडा निर्देशन दिएको छ। नियम उल्लङ्घन गरी खाद्यान्नसँगै मदिरा बेचेको पाइएमा हदैसम्मको कारबाही हुने चेतावनी टोलीले दिएको छ।

## ३. फुड प्रोडक्सन उद्योगमा कालो मोबिल र डिजेल प्रयोगः वातावरणमा गम्भीर खतरा

यसैक्रममा, नगरपालिकाको वडा नं. ६ मा सञ्चालित एक फुड प्रोडक्सन कम्पनीमा अनुगमन टोलीले आकस्मिक निरीक्षण गरेको छ। निरीक्षणका क्रममा उक्त उद्योगले इन्धनका रूपमा प्रतिबन्धित कालो मोबिल र डिजेलको प्रयोग गरिरहेको प्रत्यक्ष फेला परेको हो। खाद्य उद्योग जस्तो संवेदनशील ठाउँमा कालो मोबिल बाल्दा वातावरणमा अत्यधिक प्रदूषण फैलिएको र स्थानीय जनस्वास्थ्यमा गम्भीर खतरा उत्पन्न भएको ठहर गर्दै अनुगमन टोलीले त्यस्तो अस्वास्थ्यकर र प्रदूषित इन्धनको प्रयोगमा तुरुन्त रोक लगाउन कडा निर्देशन दिएको छ।

### नगरपालिका अनुगमन टोलीको भनाइः

"उपभोक्ताको स्वास्थ्य सुरक्षा र स्वच्छ वातावरण कायम राख्नु नगरपालिकाको पहिलो प्राथमिकता हो। मापदण्ड विपरीत काम गर्ने, अखाद्य वा म्याद गुज्रेका वस्तु बेच्ने र वातावरण प्रदूषित बनाउने जो सुकैलाई कानुनी दायरामा ल्याइनेछ। बजारलाई मर्यादित बनाउन यो अनुगमन अभियान निरन्तर जारी रहनेछ।"



# कागेश्वरी मनोहरालाई आईटी हब बनाउन नगर प्रमुखको अर्को ठूलो कदमः युवालाई विश्वस्तरीय प्रतिस्पर्धी बनाउन 'कम्युनिटी टेक मेन्टरसिप' सुरु, टेक्सपायर कलेजसँग ऐतिहासिक सम्झौता



**कागेश्वरी मनोहरा, काठमाडौं :** कागेश्वरी मनोहरा नगरपालिका र टेक्सपायर कलेजबीच समुदायमा डिजिटल साक्षरता, सूचना प्रविधि तथा नवप्रवर्तनको पहुँच विस्तार गर्ने उद्देश्यले 'कम्युनिटी टेक मेन्टरसिप प्रोग्राम सञ्चालनका लागि समझदारीपत्र (एमओयू) मा हस्ताक्षर भएको छ।

सम्झौताअनुसार कार्यक्रममार्फत विद्यार्थी तथा स्थानीय समुदायलाई डिजिटल सीप, सूचना प्रविधि, कोडिङ, नवप्रवर्तन र उद्यमशीलतासम्बन्धी ज्ञान तथा व्यावहारिक अनुभव प्रदान गरिनेछ। यसले समुदायस्तरमा प्रविधिमैत्री वातावरण निर्माण गर्नुका साथै युवापुस्तालाई भविष्यका लागि आवश्यक सीप विकासमा सहयोग पुग्ने विश्वास गरिएको छ।

आदरणीय नगर प्रमुख उपेन्द्र कार्की ज्यूले आफ्नो सम्पूर्ण कार्यकालभरि नै सूचना प्रविधि (IT) को विकासलाई विशेष जोड दिँदै कागेश्वरी मनोहरा नगरपालिकालाई एक उत्कृष्ट 'आईटी हबका रूपमा रूपान्तरण गर्ने दूरदर्शी लक्ष्यका साथ विभिन्न प्रविधिमैत्री कार्यक्रमहरू अघि बढाउँदै आउनुभएको छ। आफ्ना नगरवासी युवाहरू नै भविष्यका मुख्य

आधार र वास्तविक स्टार हुन् भन्ने अगाध विश्वास राख्नुहुने आदरणीय नगर प्रमुख ज्यूले युवाहरूलाई लक्षित गर्दै भोलिका दिनमा अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धी वातावरणमा उभिन र निर्धक्क सामना गर्न सक्ने दक्ष जनशक्ति बनाउन यो पहल थाल्नुभएको हो। सोही दीर्घकालीन योजनाको एक महत्त्वपूर्ण र निर्णायक कदमका रूपमा टेक्सपायर कलेजसँगको यो सहकार्यलाई लिइएको छ। सम्झौतापछि आफ्नो प्रतिबद्धता व्यक्त गर्दै आदरणीय नगर प्रमुख उपेन्द्र कार्की ज्यूले प्रविधि अब सहरमा मात्र सीमित नरही समुदायको तल्लो तहसम्म पुग्नुपर्नेमा जोड दिँदै विद्यार्थी र स्थानीय युवाहरूलाई डिजिटल सीप तथा नवप्रवर्तनसँग जोडेर नगरलाई प्रविधिमैत्री र ज्ञानमा आधारित बनाउने लक्ष्यका साथ टेक्सपायर कलेजसँगको सहकार्यले सो अभियानलाई थप प्रभावकारी बनाउने विश्वास व्यक्त गर्नुभएको छ। यस्तै, कलेजका प्रतिनिधिहरूले पनि आदरणीय नगर प्रमुख ज्यूको यो दूरदर्शी अभियानमा जोडिन पाउँदा विद्यार्थी र समुदायबीच प्रविधिमैत्री शिक्षा विस्तार गर्न, दक्ष जनशक्ति उत्पादन गर्न तथा स्थानीय तहमा नवप्रवर्तनको संस्कृति विकास गर्न महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभएको छ।

## कागेश्वरी मनोहरामा कर तथा जरिवाना छुटको घोषणाः समयमै कर बुझाए १० देखि ५० प्रतिशतसम्म छुट पाइने

**कागेश्वरी मनोहरा, काठमाडौं :** कागेश्वरी मनोहरा नगरपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि करदाताहरूलाई विशेष राहत दिँदै सम्पत्ति कर, व्यवसाय कर, घर/जग्गा बहाल कर तथा जरिवानामा छुटको घोषणा गरेको छ। नगरपालिकाले एक सार्वजनिक सूचना जारी गर्दै समयमै कर चुक्ता गर्ने करदाता, लक्षित वर्ग र साना व्यवसायीहरूका लागि विभिन्न छुट सुविधा सार्वजनिक गरेको हो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सुवेदीद्वारा जारी सूचनाअनुसार, चालु आर्थिक वर्ष २०८३/८४ को कर चालु आवकै पुस मसान्तभित्र बुझाउने करदातालाई सम्पत्ति कर, व्यवसाय कर र घर/जग्गा बहाल करमा १० प्रतिशत छुट प्रदान गरिनेछ।

त्यसैगरी, अघिल्ला वर्षहरूको कर बक्यौता रहेका करदाताहरूलाई समेत जरिवाना मिनाहाको अवसर दिइएको छ। आर्थिक वर्ष २०८२/८३ भन्दा अघिदेखि दाखिला हुन बाँकी रहेको बहाल कर, सम्पत्ति कर र व्यवसाय कर २०८३ पुस मसान्तभित्र बुझाएमा लाग्ने जरिवाना पूर्ण रूपमा छुट हुने सूचनामा उल्लेख छ।

नगरपालिकाले सामाजिक उत्तरदायित्व र समावेशी आर्थिक नीतिअन्तर्गत अपाङ्गता भएका व्यक्ति तथा एकल महिलाहरूलाई व्यवसाय दर्ता गर्दा तोकिएको दस्तुर (अनुसूची ४) मा २५ प्रतिशत छुट दिने व्यवस्था गरेको छ।

यस्तै, साना उद्यमीलाई प्रोत्साहन गर्न रु. १ लाखभन्दा कम पुँजी भएका व्यवसायको दर्ता तथा नवीकरणमा लाग्ने बहाल करमा ५० प्रतिशत छुट दिइने भएको छ।

पुस मसान्त घर्किएपछि मालपोत, व्यवसाय तथा अन्य सबै बक्यौता रकममा प्रचलित नियमानुसार १० प्रतिशत जरिवाना थपिने भएकाले नगरपालिकाले छुट सुविधाको लाभ उठाउन र तोकिएकै समयभित्र कर दाखिला गर्न सम्पूर्ण नगरवासी एवं करदाताहरूमा हार्दिक अपिल गरेको छ।

# विद्यार्थीलाई 'डेङ्गु योद्धा बनाउँदै
# कागेश्वरीकी नर्स चन्द्रकलाः कविताबाट चेतना र झाडुबाट अभियान



**कागेश्वरी मनोहरा, काठमाडौं :** कागेश्वरी मनोहरा नगरपालिका १ स्थित श्री सिद्धि गणेश माध्यमिक विद्यालयको वातावरण अचेल अलि फरक देखिन्छ। हरेक शुक्रबार यहाँका विद्यार्थीहरू किताब-कलम एकातिर पन्छाएर हातमा कुचो, झाडु र टोकरी समातिरहेका हुन्छन्। विद्यालय परिसर र वरपर जमिरहेको पानी खोतल्ने, थोत्रा टायर फाल्ने र लामखुट्टेको बासस्थान नष्ट गर्ने यो सामूहिक टोलीको नेतृत्व गरिरहेकी हुन्छिन्' विद्यालय नर्स चन्द्रकला खड्का।

वर्षातको मौसम सुरु भएसँगै काठमाडौं उपत्यकामा डेंगीको जोखिम तीव्र रूपमा बढ्छ। तर, सिद्धि गणेश माविले जोखिमको पर्खाइ नगरी पूर्वतयारीलाई नै आफ्नो बलियो हतियार बनाएको छ। सरकारको तीन महिने डेंगीविरुद्धको अभियानलाई आत्मसात् गर्दै



नर्स खड्काको पहलमा साउन महिनाभर कक्षा ३ देखि १० सम्मका विद्यार्थीहरूलाई लक्षित गरी बृहत् सचेतना कार्यक्रम सञ्चालन गरियो।

डेंगीबाट बच्न सुख्खा सिद्धान्त मात्रै पर्याप्त हुँदैन। त्यसैले विद्यालयले विद्यार्थीहरूलाई सिर्जनात्मक रूपमा जोड्न हस्तलेखन, वक्तृत्वकला र चित्रकला प्रतियोगिताहरू आयोजना गर्‍यो। विद्यार्थीहरूले चित्र र शब्दमार्फत डेंगी फैलाउने एडिस एजिप्टाई (Aedes aegypti) लामखुट्टेको जीवनचक्र र रोकथामका उपायहरू दर्शाए। यति मात्र होइन, विद्यालयले "सफा शुक्रबार" अभियानलाई नियमित बनाएको छ। विद्यार्थीहरू आफैं अग्रसर भई विद्यालय हाता र आसपासका खाल्डाखुल्डी पुर्ने, गमला र ट्याङ्कीको पानी फेर्ने कार्यमा जुटेका छन्। यो अभियान आउँदो असोज महिनासम्म निरन्तर जारी रहनेछ।

***"लामखुट्टेको टोकाइबाट बच्नु नै डेंगी रोगबाट जोगिनु हो। Prevention is better than cure (उपचारभन्दा रोकथाम उत्तम) भन्ने मूल मन्त्रलाई हामीले व्यवहारमा उतारेका हौं।" चन्द्रकला खड्का, विद्यालय नर्स***



मेडिकल ज्ञान र औषधिभन्दा पनि सजिलै बुझिने भाषामा सन्देश प्रवाह गर्न नर्स खड्काले कवितालाई माध्यम बनाएकी छन्। उनले कोरेका हरफहरूले विद्यार्थी, शिक्षक र अभिभावकको मन छोएको छः

*बर्सातको मौसम रहेछ एडिस एजिप्पोटाइ पोथी लामखुट्टेको साथी,*

*आफ्नै लापरवाहीले गर्दा लिन्छ डेङ्गुले ज्यान पुर्‍याउला माथि।*

*घाम लाग्ने समयमा टोक्ने हुनाले भन्छन् यसलाई डे टाइम फिडर,*

*सामान्य लक्षणमा घरमै आराम गरौं, जटिल लक्षणमा तुरुन्तै गरौं रिफर...*

कवितामार्फत झ्यालढोकामा जाली हाल्ने, पूरा बाहुला भएका लुगा लगाउने, दिउँसो र राति सुत्दा झुलको प्रयोग गर्ने, अनि ओडोमस वा मस्किटो लिक्विडको सही प्रयोग गर्ने जस्ता व्यावहारिक उपायहरू सिकाइएको छ।

विद्यालयमा सुरु भएको यो सानो प्रयासले अहिले सिङ्गो कागेश्वरी मनोहरा वडा नं. १ मा सकारात्मक प्रभाव पारेको छ। विद्यालयबाट सिकेका कुरा विद्यार्थीहरूले आफ्नो घर र टोलसम्म पुर्‍याइरहेका छन्। सामुदायिक स्वास्थ्य सुधारमा विद्यालय नर्स र विद्यार्थीको यो संयुक्त कदम अन्य शैक्षिक संस्थाहरूका लागि पनि अनुकरणीय उदाहरण बनेको छ।



फोन नं. (Tel.No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

"सबल, सक्षम, सुशासनयुक्त, विकासमुखी स्थानीय सरकार"

# कागेश्वरी मनोहरा नगरपालिका
## Kageshwori Manohara Municipality

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
थली, डाँछी, काठमाडौं (Thali, Danchhi, Kathmandu)
बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)

**शिक्षा दिवस समारोहमा सम्मानका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।**
**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०१**

प्रस्तुत विषयमा कागेश्वरी मनोहरा नगरपालिका द्वारा मिति २०८३ असोज २ गते आयोजना गरिने **शिक्षा दिवस समारोह २०८३** को अवसरमा कागेश्वरी मनोहरा नगरपालिकाभित्र स्थायी बसोबास भई शिक्षा, अनुसन्धान तथा विभिन्न प्राज्ञिक क्षेत्रमा विद्यावारिधि (Ph.D.) उपाधि हासिल गर्नु भएका व्यक्तित्वहरूलाई नगरपालिकाको तर्फबाट कदरस्वरुप सम्मानित गर्ने कार्यक्रम रहेको हुँदा यस नगरपालिकामा स्थायी बसोबास भई हालसम्म विद्यावारिधि (Ph.D.) उपाधि हासिल गर्नुभएको महानुभावहरुले देहाय बमोजिमका कागजातसहित **२०८३ भाद्र १० गतेभित्र** यस शिक्षा, युवा तथा खेलकुद शाखामा आवेदन पेश गर्नहुन सूचित गरिन्छ।

**सिफारिससाथ पठाउनुपर्ने विवरणहरूः**

- विद्यावारिधि प्रासकर्ताको पूरा नामः (नेपाली र अंग्रेजीमा)
- स्थायी ठेगानाः वडा नं., टोल
- शोधग्रन्थको शीर्षक (Thesis Title):
- उपाधि प्रदान गर्ने विश्वविद्यालयको नाम र देशः
- उपाधि हासिल गरेको वर्षः
- सम्पर्क नम्बर र नागरिकताको प्रतिलिपि
- विद्यावारिधि उपाधिको प्रमाणपत्रको प्रतिलिपि

२०८३/०५/०१
कुमारी सरिता जोशी
(सदस्य सचिव)
शिक्षा दिवस समारोह समिति

**कागेश्वरी मनोहरा नगरपालिका**द्वारा प्रकाशित हुने आगामी नगरबुलेटिनका लागि नगरभित्रका आदरणीय नगरवासी, साहित्यप्रेमी, बुद्धिजीवी, शिक्षक तथा विद्यार्थी महानुभावहरूले आफ्ना साहित्यिक रचना (कविता, कथा, गजल, लेख), स्थानीय विकास, संस्कृति र सम्पदासम्बन्धी विचार तथा चेतनामूलक सूचनाहरू उपलब्ध गराउनुहुन हार्दिक अनुरोध गर्दछौं। यहाँहरूका उत्कृष्ट सिर्जना तथा जानकारीहरू आधिकारिक इमेलमा पठाएर नगरको बौद्धिक तथा सामाजिक विकासमा अमूल्य योगदान पुर्याउनुहुन सादर अनुरोध छ।

**इमेलः mediadepartkageshwori@gmail.com**

# जलवायु सम्बन्धी कार्यक्रममा सहभागी हुन इच्छुक युवालाई आवेदन दिन कागेश्वरी मनोहराको आह्वान

स्थानीय सरकार

**कागेश्वरी मनोहरा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
०१-४४५०१८६
०१-४४५०३५६

प.सं. : ०८३/८४
च.नं. :

मिति: २०८३/०४/१५
ने.सं. ११४६ दिल्लागा द्वितीया

## सूचना

**YCAF (Youth Climate Action Fund) कार्यक्रम अन्तर्गत जलवायु परिवर्तनसम्बन्धी कार्यक्रममा सहभागी हुन आवेदन आह्वान।**

यस कागेश्वरी मनोहरा नगरपालिक अन्तर्गत बसोवास गर्ने १५ देखि २४ वर्ष उमेर समूहका युवायुवतीहरूलाई Youth Climate Action Fund (YCAF) अन्तर्गत सञ्चालन हुने जलवायु परिवर्तन (Climate Change) विषयक कार्यक्रममा सहभागी हुन आवेदन दिन हार्दिक अनुरोध गरिन्छ।

यस कार्यक्रमको उद्देश्य युवाहरूलाई जलवायु परिवर्तनका असर, वातावरण संरक्षण, हरित विकास, फोहोर व्यवस्थापन, जैविक विविधता संरक्षण, तथा दिगो समुदाय निर्माणसम्बन्धी सिर्जनशील तथा प्रभावकारी कार्यहरूमा संलग्न गराई नेतृत्व विकास गर्नु हो। यस सम्बन्धी विस्तृत विवरण यसैसाथ संलग्न गरिएको छ।

**आवेदनका लागि योग्यता:**

- आवेदकको उमेर १५–२४ वर्षभित्र हुनुपर्ने।
- कागेश्वरी मनोहरा नगरपालिकाको स्थायी वा अस्थायी बासिन्दा हुनुपर्ने।
- जलवायु परिवर्तन तथा वातावरण संरक्षणसम्बन्धी गतिविधिमा रुचि तथा सक्रिय सहभागिता जनाउन इच्छुक हुनुपर्ने।

**आवेदन पेश गर्ने तरिका:**

आवेदन निर्धारित ढाँचामा आवश्यक कागजातहरू सहित नगरपालिकामा वा तोकिएको माध्यममार्फत पेश गर्न सकिनेछ।

**आवेदन पेश गर्ने अन्तिम मिति: २०८३/०५/२९(१४th September,२०२६)**

**कार्यक्रम सम्बन्धी थप जानकारीका लागि:**

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सम्पर्क नं.: ९८६१०३९२०९
इमेल:intlrelations.kageshworimun@gmail.com,info@kageshworimanoharamun.gov.np

यस अवसरको अधिकतम सदुपयोग गरी जलवायु परिवर्तन न्यूनीकरण तथा वातावरण संरक्षणमा सक्रिय योगदान दिन सम्पूर्ण योग्य युवायुवतीहरूलाई सहभागी हुन अनुरोध गरिन्छ।

(पुरुषोत्तम सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

"स्वच्छ, सफा, हराभरा, बनाऔं कागेश्वरी मनोहरा"

Email: er.kageshworimun@gmail.com, Website:www.kageshworimanoharamun.gov.np

**कागेश्वरी मनोहरा, काठमाडौं :** कागेश्वरी मनोहरा नगरपालिकाले जलवायु परिवर्तन सम्बन्धी कार्यक्रममा सहभागी हुन इच्छुक युवाहरूबाट आवेदन आह्वान गरेको छ।

नगरपालिकाले शनिबार एक सूचना जारी गर्दै युथ क्लाइमेट एक्सन फन्ड (YCAF) अन्तर्गत सञ्चालन हुने विभिन्न जलवायु केन्द्रित गतिविधिहरूका लागि आवेदन खुला गरिएको जनाएको हो।

## उमेर समूह र योग्यता

नगरपालिकाका अनुसार यस कार्यक्रममा १५ देखि २४ वर्ष उमेर समूहका युवाहरूले सहभागिता जनाउन सक्नेछन्।

- **बासिन्दाः** आवेदक कागेश्वरी मनोहरा नगरपालिकाको स्थायी वा अस्थायी बासिन्दा हुनुपर्नेछ।
- **रुचिः** जलवायु परिवर्तन र वातावरण संरक्षणका गतिविधिहरूमा विशेष रुचि भई सक्रिय रूपमा सहभागी हुने प्रतिबद्धता हुनुपर्नेछ।

## कार्यक्रमको मुख्य उद्देश्य

यस कार्यक्रममार्फत युवा वर्गको नेतृत्व क्षमता विकास गर्नुका साथै उनीहरूलाई निम्न विषयहरूमा सक्रिय बनाउने लक्ष्य राखिएको छः

- जलवायु परिवर्तनका असर र वातावरण संरक्षण
- हरित विकास तथा दिगो समुदाय निर्माण
- फोहोर व्यवस्थापन र जैविक विविधता संरक्षण

## आवेदन दिने माध्यम र अन्तिम मिति

इच्छुक आवेदकहरूले निर्धारित ढाँचामा आवश्यक कागजातसहित नगरपालिकाको कार्यालयमा वा तोकिएको अनलाइन/अन्य माध्यममार्फत आवेदन पेस गर्न सक्नेछन्।

- **आवेदन दिने अन्तिम मितिः** २०८३ साल भदौ २९ गते

## सम्पर्क तथा थप जानकारी

थप जानकारी वा अन्य सोधपुछका लागि नगर कार्यपालिकाको कार्यालयमा देहाय बमोजिम सम्पर्क गर्न सकिनेछः

- **फोन नम्बरः** ९८६१०३९२०९
- **इमेलः** intlrelations.kageshworimun@gmail.com / info@kageshworimanoharamun.gov.np

# नगर सभा सदस्यहरु


कविता सुनुवार
सदस्य, वडा नं. १


उजेली तामांग
सदस्य, वडा नं. १


रामप्यारी नगरकोटी
सदस्य, वडा नं. २


तारा लोहार
सदस्य, वडा नं. २


गोमा लोहार
सदस्य, वडा नं. ३


सबिता नेपाली
सदस्य, वडा नं. ४


शारदा पौडेल
सदस्य, वडा नं. ४


सरस्वती खनाल
सदस्य, वडा नं. ५


सिम्रन मंग्राती
सदस्य, वडा नं. ६


जानुका चापागाई
सदस्य, वडा नं. ७


सुनिता बोगटी
सदस्य, वडा नं. ७


सुनिता चापागाई
सदस्य, वडा नं. ८


भगवती वस्नेत
सदस्य, वडा नं. ९


मन्जु थापा
सदस्य, वडा नं. ९


कुमारध्वज खड्का
सदस्य, वडा नं. १


प्रेम कुमार लामा
सदस्य, वडा नं. १


प्रणनाथ फूयाल
सदस्य, वडा नं. २


महेश्वर श्रेष्ठ
सदस्य, वडा नं. २


राधाकृष्ण थापा
सदस्य, वडा नं. ३


सुनकुमार नगरकोटी
सदस्य, वडा नं. ३


किरण पण्डित क्षेत्री
सदस्य, वडा नं. ४


भिम बहादुर सिम्खडा
सदस्य, वडा नं. ४


आत्माराम पौडेल
सदस्य, वडा नं. ५


सुशान्त श्रेष्ठ
सदस्य, वडा नं. ५


कपिल खनाल
सदस्य, वडा नं. ६


विकास के.सी.
सदस्य, वडा नं. ६


भक्त थापा
सदस्य, वडा नं. ७


मुक्तिनाथ दाहाल
सदस्य, वडा नं. ८


सीताराम आचार्य
सदस्य, वडा नं. ८


राजेन्द्र थापा
सदस्य, वडा नं. ९






सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि १ दिने कानूनी प्रशिक्षण





कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ९ मा अवस्थित Good Day Academy का
साना भाइ—बहिनीहरूसंग न्यायिक समिति सम्बन्धी परिचयात्मक भेटघाट





कागेश्वरी मनोहरा नगरपालिकामा सूचीकृत भएका महिला समूह र वडा सचिवज्यूहरू समेतको लागि
कानुनी सचेतना कार्यक्रममा